म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २५५ | आइतबार, १४ बैशाख २०८२ | ने. सं. ११४५ चौलागा | 27 April 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**जन्म दर्ता गर्न आवश्यक कागजात**

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### कृषिउपजको उत्पादन वृद्धिमा सरकारको बजेट केन्द्रित हुनेछः मन्त्री काफ्ले

# आगामी आर्थिक वर्षलाई बागमतीको बजेट सिलिङ ५५ अर्ब

साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को लागि नीति, कार्यक्रम र बजेट निर्माणको प्रक्रिया थालेको छ ।

१४ मन्त्रालय रहेको बागमती प्रदेशमा आन्तरिक छलफल र विश्लेषणसहित मन्त्रालयलाई बजेटको सिलिङ पठाएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व संकलन र बजेटखर्च तथा योजना कार्यान्वयनको मूल्यांकनसहित ५५ अर्ब रुपैयाँको सिलिङ पठाएको छ । गतवर्ष ५४ अर्बको बजेट सिलिङ तोकेको आर्थिक मामिला मन्त्रालयले यसवर्ष ५५ अर्बको सिलिङ तोकेको हो ।

आर्थिक मामिला मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई १४ अर्ब रुपैयाँको सिलिङ दिएको छ । यस्तै, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयलाई पाँच अर्ब, युवा तथा खेलुकद मन्त्रालयलाई ६१ करोड रुपैयाँको सिलिङ तोकेर पठाएको छ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई दुई अर्ब ५१ करोड, स्वास्थ्य मन्त्रालयलाई तीन अर्ब, सामाजिक विकास मन्त्रालयलाई एक अर्ब ८५ करोड, वन मन्त्रालयलाई दुई अर्ब २५ करोड रुपैयाँ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई ४४ करोड रुपैयाँ र आर्थिक मामिला तथा योजना मन्त्रालयलाई ३७ करोड रुपैयाँको सिलिङ तोकिएको बताइएको छ ।




उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका लागि ६१ करोड रुपैयाँ, संस्कृति पर्यटन मन्त्रालयका लागि एक अर्ब ४८ करोड रुपैयाँ, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा २१ करोड रुपैयाँ, श्रम रोजगार तथा यातायात मन्त्रालयमा ७१ करोड र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ३५ करोड रुपैयाँको सिलिङ निर्धारण गरिएको छ ।

**कृषिउपजको उत्पादन वृद्धिमा सरकारको बजेट केन्द्रित हुनेछः मन्त्री काफ्ले**

बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले आगामी आर्थिक वर्षको बजेट कृषि, सूचनाप्रविधि र औद्योगिकीकरणमा केन्द्रित हुने बताएका छन् ।

आगामी बजेटले कृषि, सूचनाप्रविधि, औद्योगिकीकरणसहित प्रदेशको भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुदक्षेत्रको विकासमा जोडदिने उनले बताए । 'कृषिक्षेत्रमा आधुनिकीकरण तथा प्रविधिको प्रयोगमा कृषकको पहुँच बढाउँदै समुदायमा आधारित उत्पादन प्रणालीमार्फत् कृषिउपजको उत्पादन वृद्धिमा सरकारको बजेट केन्द्रित हुनेछ,' मन्त्री काफ्लेले भने । नीति तथा कार्यक्रम र बजेटमार्फत राजस्व वृद्धि गर्न उत्पादन र रोजगारी वृद्धि गर्ने कार्यक्रम अघि बढाउने योजना रहेको उनले जानकारी दिए ।

मन्त्री काफ्लेले प्रदेशका सबै जिल्लामा स्वास्थ्यसेवा पहुँचमा वृद्धि, अस्पतालको स्तरोन्नति र खोप कार्यक्रमलाई प्राथमिकता दिइने बताए । विपन्न, दलित र आदिवासी जनजातिका परिवारलाई आयआर्जनका अवसर श्रीर्जना गर्न आर्थिक प्याकेज अघि बढाउने उनको भनाइ छ । उच्चशिक्षाको गुणस्तरीय वृद्धि गर्न प्रदेश विश्वविद्यालयको व्यवस्थापन र सञ्चालन सरकारको रणनीति रहेको उनले बताए । प्रदेशका प्रमुख पर्यटनस्थलको प्रवर्द्धन र संरचनागत विकासमा सरकारले लगानी बढाउने उनले उल्लेख गरे ।

स्थानीय तह र प्रदेश सरकारको सहलगानीमा काम गर्ने रणनीतिमा सरकार रहेको मन्त्री काफ्लेको भनाइ छ । स्थानीय तहको समन्वयमा सरकारको लगानीलाई आम्दानीमा जोड्ने र आयलाई निश्चित अनुपातमा बाँडफाँड गर्ने गरी आयोजनाहरु प्राथमिकीकरण गरिने उनले बताए । मन्त्री काफ्लेले विपद्बाट प्रभावित क्षेत्रको पुनर्निर्माणमा सरकारको बजेट केन्द्रित गर्नुपर्ने बाध्यता रहेको बताए ।

प्रदेशका भौतिक संरचनाहरुको निर्माण, जनशक्ति व्यवस्थापन र मानवसंसाधनको क्षमता विकास गर्दै सेवा प्रवाहलाई प्रविधिमैत्री, चुस्त र प्रभावकारी बनाउने सरकारको तयारी रहेको उनको भनाई छ । प्रदेश सडक गुरुयोजना मार्फत् सडक तथा पुल निर्माण, प्रदेश लोकमार्गको स्तरोन्नति र निर्मित भौतिक संरचनाको नियमित मर्मतसम्भार प्राथमिकतामा रहने उनको भनाइ छ । स्थानीय तहका केन्द्र तथा प्रदेशभित्रका उदीयमान सहरलाई व्यवस्थित गर्ने कार्यक्रम सरकारले अघि बढाउने मन्त्री काफ्लेले बताए ।

## नवजीवन ज्योति क्लबको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ हेटौंडा-६ चौघडामा रहेको नवजीवनज्योति क्लबको १८ औ वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् क्लबका अध्यक्ष राजकुमार बास्तोलाको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारणसभामा क्लब अध्यक्ष बास्तोलाले संस्थागत प्रतिवेदन, सचिव राजकुमार फुँयालले प्रगति प्रतिवेदन र कोषाध्यक्ष बुद्धरत्न मानन्धरले आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा क्लबका पूर्वअध्यक्ष श्यामप्रसाद श्रेष्ठलाई सम्मानित गरिएको थियो । श्रेष्ठले हालै कठै नामक पुस्तक प्रकाशन गरेका थिए ।

साधारणसभामा हेटौंडा-६ का वडासदस्य विजय पौडेल, क्लबका सल्लाहकार श्यामप्रसाद श्रेष्ठ, गणेशकुमार श्रेष्ठ, भूमि आयोग मकवानपुरका सदस्य अर्जुनप्रसाद चौलागाई, रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल, चुच्चेखोला सामुदायिक वनका अध्यक्ष लक्ष्मण कटुवाल, कामधेनु बहुउद्देश्यीय सहकारीका अध्यक्ष उदय बिडारी, चौघडा सहकारीका उपाध्यक्ष त्रिविक्रम मानन्धर, जनकल्याण सहकारीका उपाध्यक्ष श्यामप्रसाद भट्टराई लगायतको आतिथ्यता रहेको थियो ।

# १२ जना स्रष्टा कृति प्रकाशन सम्मानबाट सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ २०८१ मा कृति प्रकाशन गर्ने १२ जना स्रष्टाहरु कृतिप्रकाशन सम्मानबाट सम्मानित भएका छन् ।

शनिबार हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको सभाहलमा साहित्य संगम मकवानपुरले औपचारिक कार्यक्रमको आयोजना गरी उनीहरुलाई सम्मान गरेको हो । संगमका अध्यक्ष डीबी बर्तौलाको अध्यक्षता एवम् साहित्यकार तुलसी घिमिरेको प्रमुख आतिथ्यमा नियमित साहित्य सन्ध्या एवम् सम्मान कार्यक्रम भएको हो । २०८१ मा मकवानपुरका साहित्यकारले ४ वटा मुक्तकसंग्रह, गजलसंग्रह २ वटा, अनुसंस्करण एउटा, कथासंग्रह एउटा, कवितासंग्रह एउटा, नियात्रा संग्रह एउटा, गीतसंग्रह एउटा र संस्मरणसंग्रह एउटा प्रकाशन गरेका छन् ।



लेखनकार्यलाई प्रोत्साहन गर्ने उद्देश्यले साहित्य संगमले स्रष्टा सम्मान गरेको हो । ३ सय ५४ औं नियमित साहित्य सन्ध्याको अवसरमा साहित्य संगमले अनुसंस्मरण 'अनुभूतिका आँखाहरु' प्रकाशन गरेका ऋषिराम उपाध्याय पोखरेल, गजल संग्रह 'घामका फूलहरु' प्रकाशन गरेका तुलसी घिमिरे, नियात्रा संग्रह 'संयात्राको संयोग' प्रकाशन गरेका रमेशमोहन अधिकारीलाई सम्मान गरेको हो ।

कवितासंग्रह 'बहिष्कृत आवाज' प्रकाशन गरेका यश लामा, गीतसंग्रह 'आउँछ यादहरु' प्रकाशन गरेका महेश सी आरोही, मुक्तकसंग्रह 'उज्यालोका बाछिटा' प्रकाशन गरेका डीबी बर्तौला, गजलसंग्रह 'तृप्ति' प्रकाशन गरेका राम कार्की, संस्मरणसंग्रह 'सम्झूँ कि बिर्सुँ' प्रकाशन गरेका निर्मोही व्यास, मुक्तकसंग्रह 'गल्छेडाका धुनहरु' प्रकाशन गरेका राजबाबु पहाडीलाई पनि सम्मान गरिएको हो । मुक्तकसंग्रह 'अन्तरध्वनि' प्रकाशन गरेका किशन पौडेल, मुक्तकसंग्रह 'बन्द ढोकाको चित्कार' प्रकाशन गरेका दिनेश शर्मा र कथासंग्रह 'कठै' प्रकाशन गरेका श्यामप्रसाद श्रेष्ठलाई सम्मान गरिएको हो ।

३ सय ५४ औं नियमित साहित्य सन्ध्यामा रामप्रसाद आचार्य, राजकुमार चौधरी, सानुभाइ बिश्वकर्मा, सुवास सजल, जनार्दन खनाल, अनिल कोइराला, पुरुषोत्तम आचार्य, मनोज मधुर, देवराज तिवारी, उमेश तिमल्सिना, शान्ति प्रियवन्दनाले रचनावाचन गरेका थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# चिकित्सक पनि सडकमा

शिक्षक आन्दोलनले २५ औं दिन अर्थात 'सिल्भर जुब्ली' मनाइरहँदा चिकित्सक पनि अस्पतालको सेवा ठप्प पारेर सडकमा उत्रिएका छन् । खासगरी निजी मेडिकल कलेजका आवासीय चिकित्सकलाई सरकारी प्रतिष्ठानसरह नै निर्वाह भत्ता उपलव्ध गराउनुपर्ने माग गर्दै सरकारी अस्पतालमा कार्यरत चिकित्सकहरुले ओपीडी सेवा ठप्प पारेका हुन् । आकस्मिक र सघन उपचार बाहेका सेवा बहिस्कार गर्न बिहीबार नेपाल चिकित्सक संघले आह्वान गरेको थियो । मकवानपुरका स्वास्थ्यसंस्थामा ओपीडी सेवा ठप्प भएको छ । चिकित्सकहरु आन्दोलित भएसँगै हेटौंडा अस्पताल सहित मकवानपुरका अन्य अस्पतालमा आकस्मिक तथा सघनउपचारसेवाबाहेक सम्पूर्ण स्वास्थ्यसेवा प्रभावित बनेको छ । राज्यले चिकित्सकहरुको माग सम्बोधन नगरेका कारण ओपीडी सेवा बन्द गर्न बाध्य भएको चिकित्सक संघ मकवानपुरका अध्यक्ष डा. हरिबहादुर खड्काले बताएका छन् । चिकित्सकको आन्दोलनका कारण उपचारका लागि अस्पताल पुगेका बिरामी निराश हुँदै फर्कन बाध्य भएका छन् । जचाउन पनि आको, रिपोर्ट देखाउन पनि आको तर, रिपोर्ट नै देखाउन पाइएन भन्ने गुनासो बिरामीको छ ।

अस्पताल बन्द गरेर चिकित्सक आन्दोलनमा उत्रिएपछि बिरामीलाई मार परेको छ । टाढाटाढाबाट उपचारका लागि खर्च जोहो गरेर अस्पताल आएका बिरामीलाई चिकित्सकको आन्दोलनले थप पीडा दिएको छ । सरकार ले चिकित्सकको माग सम्बोधन गर्न एक मिनेट पनि बिलम्ब गर्नु हुँदैन । अस्पताल जस्तो सम्बेदनशील क्षेत्रमा सरकारको लाचारीका कारण ठूलो समस्या सृजना हुन सक्छ । बरु शिक्षक आन्दोलनका कारण प्रभाबित भएको बालबालिकाको पढाई त शनिबार वा अन्य बिदाको दिन पनि पढाएर कोर्ष पूरा गर्न सकिन्छ तर, चिकित्सकको आन्दोलनले बिरामीको ज्यान पनि जान सक्छ । त्यसैले चिकित्सकको माग सम्बोधन गर्न सरकारले ढिलाई गर्नु हुँदैन । अर्कोतिर नेपालबाट चिकित्सक पलायन भइरहेको अवस्था छ । अस्पतालमा बिरामी जाँच्न छोडेर सडकमा उत्रन बाध्य भएका चिकित्सक देश छोडेर पलायन हुने खतरा पनि छ । आवासीय चिकित्सकले गठन गरेको स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिका संयोजक शेषराज घिमिरेले शुक्रबारबाट सरकारी अस्पतालका सबै चिकित्सकले आन्दोलनमा साथ दिएको बताए । सबै सरकारी अस्पतालका सिनियर चिकित्सक र आवासीय चिकित्सक माइतीघर मण्डलामा भेला भएका छ न् । देशभरका सबै प्रतिष्ठान र मेडिकल कलेजका चिकित्सकले साथ दिएका छन् । सरकारले सुनिश्चित गरेको निर्वाह भत्ता कार्यावन्यन नभएको भन्दै तीन हप्तादेखि आवासीय चिकित्सक सडक आन्दोलनमा छन् ।

माघ २५ गते चिकित्सा शिक्षा आयोगले निजी मेडिकल कलेजमा अध्ययरत आवासीय चिकित्सकलाई ४८ हजार (सरकारी आठौं तहसरह) सेवासुविधा दिनुपर्ने निर्णय गरेको थियो । तर, निजी मेडिकल सञ्चालकले साढे दुई महिना बितिसक्दा पनि यो निर्णय कार्यान्वयन गरेका छैनन् । सरकारले सुनिश्चित गरेको निर्वाह भत्ता कार्यावन्यन नभएको भन्दै तीन हप्तादेखि आवासीय चिकित्सक सडक आन्दोलनमा छन् । विकसित देशमा पीजी विद्यार्थीले शुल्क तिर्नु नपर्ने र नेपालको सरकारी अस्पतालमा समेत मेडिकल अफिसर बराबरको सुविधा पाउने व्यवस्था छ । तर, पीजी रेजिडेन्सी कार्यक्रमका लागि अस्पतालमा कुनै अतिरिक्त पूर्वाधार वा नयाँ फ्याकल्टीको आवश्यकता नपर्ने भए पनि निजी कलेजले २३ लाख रुपैयाँसम्म शुल्क लिने गरेका छन् । दिनरात बिरामीको उपचारमा खटिने आवासीय चिकित्सकको तलब सुविधा भने निकै कम छ । सरकारी अस्पतालमा काम गर्ने आवासीय चिकित्सकले ४८ हजार रुपैयाँ पाउँछन् । निजी मेडिकल कलेजमा त १८/२० हजार रूपैयाँमै काम गर्नुपर्ने बाध्यता छ । त्यसमा पनि उनीहरु तीन-चार महिनासम्म तलब नपाउने समस्या छ । चिकित्सा शिक्षा आयोगले फागुनदेखि मासिक साढे ४८ हजार निर्वाह भत्ता उपलब्ध गराउनुपर्ने निर्णय गरेपनि निजी मेडिकल कलेजले त्यसलाई निर्णय अस्वीकार गर्दै आएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ बैशाख १५ गते सोमबार २८ अप्रिल २०२५ । प्रतिपदा, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:२९, सूर्यास्त ६:३५ । राष्ट्रिय चिया दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोकांक्षा सिद्धि हुनेछ | **तुला** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **वृष** | : गरेको कार्यमा सफलता मिल्नेछ | **वृश्चिक** | : योजना कार्यान्वयन हुनेछ |
| **मिथुन** | : नयाँ कार्ययोजना बन्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : आकस्मिक लाभ हुनेछ | **मकर** | : मीठो खाने अवसर मिल्नेछ |
| **सिंह** | : राम्रो अवसर गुम्नेछ | **कुम्भ** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कन्या** | : खर्च र दु:ख बढ्नेछ | **मीन** | : मनमा शङ्का बढ्नेछ |

# गणतन्त्र बलियो बनाउनु नै आजको आवश्यकता



✍समिर बुढाथोकी

नेपालको समसामयिक राजनीतिक इतिहास विगत दुई दशकभित्र नितान्त रूपान्तरणको साक्षी बनेको छ । एक समयका लागि निर्विकल्प देखिएको राजतान्त्रात्मक शासनप्रणाली आज इतिहासको पानामा सीमित छ । २०६५ सालमा नेपालको संविधानसभाले औपचारिक रूपमा राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गर्दा धेरैका लागि त्यो राजनीतिक क्रान्तिको चरम बिन्दु थियो । त्यो परिवर्तन केवल एक व्यक्तिले सिंहासन गुमाउनु मात्र थिएन, त्यो त जनतामा निहित अधिकारको घोषणा थियो । एक इतिहास, जसले मुलुकलाई देशमा परिणत गरी राजा र उनको परिवारको शक्तिमा चलिआएको शासन जनतामा निहित शासनतर्फ फर्किएको थियो ।

यद्यपि आज फेरि केही राजनीतिक दल, समूह र व्यक्तिहरू राजतन्त्रको पुन: स्थापनाको आवाज उठाइरहेका छन् । केहीले यो माग धार्मिक आस्थाको संरक्षणको नाममा गर्छन् केहीले गणतन्त्रप्रति बढ्दो असन्तुष्टिलाई आधार बनाउँछन् उनीहरू जनताको वर्तमान समस्याहरू (राजनीतिक अस्थिरता, भ्रष्टाचार, सेवा प्रवाहको कमजोरी आदिको दोष गणतन्त्रलाई दिएर, विगतको राजतन्त्रलाई 'विकल्प' को रूपमा प्रस्तुत गर्न खोजेका छन् तर यो बहस केवल भावना र आस्थामा आधारित छ । यो न त संविधानसम्मत छ, न त जनताको इच्छाअनुसार, यथार्थमा नेपालमा राजतन्त्रको पुन: स्थापनाको सम्भावना पूर्णत: असान्दर्भिक भइसकेको छ, संवैधानिक, राजनीतिक, सामाजिक र अन्तर्राष्ट्रिय सन्दर्भमा) । अझ गहिरिएर हेर्दा, राजतन्त्रको पक्षमा उठाइने धेरैजसो तर्कहरू तथ्यहीन, भ्रान्तिपूर्ण वा इतिहासको अपूर्ण विश्लेषणमा आधारित छन् ।

**किन पतन भयो राजतन्त्र ?**

नेपालमा राजतन्त्रको इतिहास करिब २४० वर्ष लामो थियो । पृथ्वीनारायण शाहद्वारा एकीकृत नेपाल निर्माणसँगै सुरु भएको शाह वंशको शासनकाल लामो समयसम्म निरङ्कुश, एकात्मक र वंशाणुगत शासन प्रणालीमा आधारित रह्यो । यस अवधिमा जनतामा राजा भगवान्को अवतार हुन् भन्ने अवधारणा प्रवर्द्धन गरियो । राज्य शक्ति वंश परम्पराद्वारा सञ्चालित थियो, जसमा नागरिक अधिकार र सहभागिता अत्यन्त सीमित थिए । शासनको केन्द्रीयकरण, जातीय र धार्मिक एकरूपताको प्रवर्द्धन, र आलोचनाप्रति असहिष्णुताको नीति नै राजतन्त्रको मूल विशेषता थियो । २०४६ सालको जनआन्दोलनले राजतन्त्रलाई संवैधानिक स्वरूपमा सीमित गरेपछि आशा गरिएको थियो कि राजसंस्था लोकतान्त्रिक प्रक्रियालाई आत्मसात् गर्नेछ । राजा वीरेन्द्रले संवैधानिक राजाको भूमिकालाई धेर थोर आत्मसात् गरे पनि संस्थागत रूपमा राजसंस्थामा सुधार, पारदर्शिता, वा उत्तर दायित्वप्रतिको प्रतिबद्धता देखिएन ।तत्कालीन राजा वीरेन्द्र प्रति भनौँ या तत्कालीन राजसंस्था प्रतिको विश्वास दरबार हत्याकाण्ड (२०५८) ले जनमानसमा ठुलो आघात पुरायो, जसले राजसंस्थाको नैतिक अखण्डतामाथि गम्भीर प्रश्न उठायो ।

सो घटनाले केवल एक त्रासदी मात्र जन्माएन, राजसंस्थाको विश्वसनीयता नै धराशायी बनाइदियो । त्यसपछि गद्दी सम्हालेका राजा ज्ञानेन्द्रले २०६१ सालमा संसद् विघटन गरी प्रत्यक्ष शासन थाल्दा गणतन्त्रको दिशामा मोडिएको इतिहासलाई बल पुर्‍यायो । उनले प्रेस स्वतन्त्रतामा अङ्कुश लगाए, राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाए, नागरिक अधिकार सीमित गरे, र आफूलाई राष्ट्राध्यक्षको रूपमा प्रस्तुत गरे तर यो कार्यले झन् राजसंस्थाप्रति जनतामा वितृष्णा पैदा गर्‍यो । देशव्यापी आन्दोलन उठ्यो, जसमा राजनीतिक दलहरू, नागरिक समाज, स्वतन्त्र मिडिया, र आम जनता सामेल भए । २०६२–६३ सालको दोस्रो जनआन्दोलनले त्यो सैर्षलाई निर्णायक मोडमा पुर्‍यायो । राजा ज्ञानेन्द्र झुके, सत्ता जनतामा फर्कियो, र संविधानसभाको बाटो खुल्यो । २०६५ मा संविधानसभाबाट नेपालमा राजतन्त्रको औपचारिक अन्त्य भयो । यसरी हेर्दा, राजतन्त्रको पतन कुनै 'षड्यन्त्र' थिएन, जस्तो कि केही राजावादीहरूले दाबी गर्छन्, त्यो त समयानुकूल सान्दर्भिक नबनेको, समावेशीकरणमा असफल भएको, र लोकतान्त्रिक अपेक्षालाई आत्मसात गर्न नसकेको संस्थाको अवश्यम्भावी पतन थियो ।

**गणतन्त्रको औचित्य**

नेपालले गणतन्त्रको घोषणा गर्नु केवल एक राजनीतिक मोड मात्र थिएन, यो त नेपाली जनताको ऐतिहासिक र चेतनागत जागरणको औपचारिक स्वीकृति थियो । सदियौँसम्म एउटा राजवंशको मातहतमा रहेर शासन बेहोरेका जनताले त्यो दिनबाट पहिलोपल्ट "राज्य हाम्रो हो" भन्ने आत्मविश्वासका साथ इतिहास लेख्न थाले । जनताको सार्वभौमिकता अर्थात् राज्यसत्ताको सम्पूर्ण अधिकार जनतामै निहित हुनु नेपालमा गणतन्त्रको सबल र नैतिक आधार हो । गणतन्त्रको औचित्य तत्कालीन राजनीतिक परिदृश्यमा मात्र सीमित थिएन ।

यो परिवर्तन नेपालका दीर्घकालीन सामाजिक, सांस्कृतिक, र भौगोलिक जटिलताहरूसँग सुसम्बन्ध थियो । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, र भूराजनीतिक हिसाबले विविधता भएको देश हो । यस्तो देशमा वंशाणुगत शासन प्रणालीले नागरिकको बहुलता, पहिचान र समावेशी अधिकारलाई प्रतिनिधित्व गर्न सक्दैनथ्यो । राजतन्त्रले एकात्मकता केन्द्रीकरणको संरक्षण गर्‍यो, जसले नेपालको सामाजिक विविधतालाई दमन गरेको थियो ।

यही असन्तुलनप्रति प्रतिकार स्वरूप गणतन्त्रले समानताको घोषणा गर्‍यो । सैंयता, समावेशी प्रतिनिधित्व, दलित, महिला, जनजाति, र मधेसी समुदायको राजनीतिक प्रतिनिधित्व गणतन्त्रकै उपलब्धिहरू हुन् गणतन्त्रको औचित्य केवल सामाजिक प्रतिनिधित्वमै सीमित छैन । शासनमा पारदर्शिता, नीति निर्माणमा सार्वजनिक सहभागिता, राज्य संयन्त्रमाथि नागरिकको निगरानी र प्रत्येक पाँच वर्षमा सरकार परिवर्तन गर्ने जनअधिकार, यी सबै आधारहरूले गणतन्त्रलाई जनताको शासन बनाउँछ ।

कुनै पनि गलत निर्णय वा असफल नेतृत्वलाई जनताले चुनावमार्फत बदल्न सक्छन् । यस्तो लचकता, उत्तरदायित्व र पारदर्शिता राजतन्त्रमा सम्भव थिएन । राजतन्त्रमा सत्ता आलोचना गर्न पाउने अधिकार थिएन, राजा आलोचनामाथि उठेका थिए, राजपरिवार कानुन भन्दा पनि माथि थिए तर गणतन्त्रमा प्रत्येक नेता, संस्था, नीति, र कदममाथि नागरिकको निगरानी हुन्छ, र यही प्रक्रिया नै नागरिक सशक्तीकरणको जग हो । आज नेपालले आफ्नो शासन प्रणालीमा जसरी विविधता समेट्न थालेको छ, त्यो गणतन्त्रको औचित्यको ज्वलन्त प्रमाण हो । अत: जनताको सार्वभौमिकताको आधारमा खडा भएको गणतन्त्र केवल एक विकल्प होइन नेपालको आवश्यकताबाट उत्पन्न भएको, ऐतिहासिक रूपले सुसङ्गत, र नैतिक रूपले सबल शासन प्रणाली हो, जसले दीर्घकालीन स्थायित्व र सामाजिक न्याय सुनिश्चित गर्न सक्छ ।

**गणतन्त्र अब फिर्ता हुने बाटो छैन**

नेपालको २०७२ सालको संविधान केवल कानुनी दस्तावेज होइन, यो नेपाली जनताको साझा सङ्कल्प, सैर्ष र ऐतिहासिक अन्तर्संवादको प्रतिफल हो । संविधानको धारा ४ मा स्पष्ट रूपमा लेखिएको छ "नेपाल सैंय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ ।" यसको अर्थ, अब नेपाल राजतन्त्रमा फर्कने बाटो कानुनी रूपमा बन्द भइसकेको छ । यसलाई केवल कुनै पार्टीको घोषणापत्रले उल्ट्याउन सक्दैन, न त सडक प्रदर्शनले ।संविधान संशोधन एक जटिल प्रक्रिया हो । नेपालको वर्तमान राजनीतिक संरचना हेर्दा, कुनै पनि दल वा गठबन्धनसँग यस्तो बहुमत छैन जुन संविधानको मूल चरित्र गणतन्त्रलाई खारेज गर्न सकोस् । अझ त्यो कदम जनताको बहुमतबाट अनुमोदन हुने सम्भावना त झनै न्यून छ ।

राजतन्त्रको पक्षमा वकालत गर्ने राप्रपा जस्ता दलहरू संसदीय हिसाबले अल्पमतमा छन् । उनीहरूले निरन्तर रूपमा राजसंस्थाको पक्षमा बोल्दै आएका भए तापनि, उनीहरूको जनमत र संसदमा प्रभावजन्य हैसियत कमजोर नै छ । अझ गहिरिएर हेर्ने हो भने अन्य सबै दलहरू–नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, लगायत सबै गणतन्त्रको पक्षमा स्पष्ट छन् ।

संविधानको कार्यान्वयनसँगै राज्यका सबै अङ्गहरू निर्वाचन आयोग, न्यायपालिका, सेना, अख्तियार, र प्रशासकीय संयन्त्रहरू गणतान्त्रिक मूल्यमा आधारित भएर अगाडि बढिरहेका छन् । नेपाली सेना, जुन विगतमा राजाको 'कमान्ड' मा चल्थ्यो, अहिले संविधानअनुसार सरकारको निर्देशनमा सञ्चालित छ । यो स्पष्ट संस्थागत रूपान्तरणले देखाउँछ कि नेपाल अब राजतन्त्र तर्फ फर्कने होइन, गणतन्त्रमा गहिरिएर संस्थागत भइसकेको छ । यदि कुनै वर्ग वा शक्ति समूहले संविधानको मूल ढाँचा बदल्ने प्रयास गर्छ भने, त्यो केवल राजनीतिक द्वन्द्व र अस्थिरता निम्त्याउने काम हुनेछ ।

संविधानमाथि खेलबाड गर्नु भनेको जनताको सैर्ष, बलिदान, र योगदानमाथि अपमान गर्नु हो । अत:, नेपालको संवैधानिक यथार्थ यति स्पष्ट छ कि गणतन्त्र अब कुनै पनि रूपमा उल्टिने छैन यो त अझै सुधारिएको र जनभावना र अपेक्षा अनुसार परिष्कृत हुँदै जाने हो ।

**समाजको चेतना र पुस्तागत परिवर्तन**

राजतन्त्र समाप्त भएको अब डेढ दशक नाघी सकेको छ । यस अवधिमा नेपालमा एउटा नयाँ पुस्ता जन्मिएको छ जसको राजनीतिक सामाजिकीकरण लोकतन्त्रको वातावरणमा भएको छ । उनीहरूले न त राजा देखेका छन्, न त पञ्चायती शासनको अनुभूति गरेका छन्, उनीहरूको राजनीतिक चेतना मताधिकार, जनआन्दोलन, नागरिक स्वतन्त्रता, सामाजिक न्याय, र डिजिटल स्वतन्त्रताको अवधारणामा आधारित छ । यो पुस्ताले अधिकार र अवसरको लडाइँलाई जीवनको एक स्वाभाविक प्रक्रिया मान्दछ । नेपालको कुल जनसंख्याको आधाभन्दा बढी भाग ३५ वर्ष मुनिको छ । यिनै युवाले अब देशको उत्पादन प्रणाली, नागरिक आन्दोलन, नीति निर्माण, र सार्वजनिक बहसमा निर्णायक भूमिका खेल्न थालेका छन् । यो पुस्ता प्रश्न गर्न जान्दछ, आलोचना गर्न जान्दछ, र आफ्नो पक्षको राजनीतिक नेतृत्व चयन गर्न जान्दछ ।

राजतन्त्रको अवधारणाले यस पुस्तालाई समेट्न सक्दैन किनभने राजतन्त्रले वंश परम्परा, जन्मसिद्ध हैसियत, र अपराजेयताको विचारमा आधारित शासन प्रस्तुत गर्छ जसमा आलोचनाको स्थान छैन, र विकल्पको अधिकार छैन । तर आजको पुस्ता विकल्पको राजनीति चाहन्छ, जबाफदेही नेतृत्व चाहन्छ, र स्वतन्त्र विचार धाराको सम्मान चाहन्छ । सामाजिक सञ्जालको युगमा हुर्केको यो पुस्ता सूचना र विचारको तीव्र प्रवाहसँग जोडिएको छ । उनीहरूले विश्वव्यापी परिवर्तनहरूलाई नजिकबाट हेर्ने मौका पाएका छन् । उनीहरू थाहा छ कि गणतन्त्र जनतामा निहित छ, अपूर्ण भए पनि सुधार सक्षम हुन्छ तर राजतन्त्र पूरै नै जनसहभागिताविहीन हुन्छ ।

त्यसैगरी, मधेस, जनजाति, दलित, महिला, मुस्लिम, यौनिक अल्पसंख्यक लगायत इतिहास देखिनै पिछडिएको समुदायहरूका युवाहरूलाई लोकतन्त्रले प्रतिनिधित्व, आवाज र पहिचान दिन थालेको छ । उनीहरूले देखेका छन् । संघीयता र समावेशिताले अधिकारमा पहुँच बढाएको छ । उनीहरूका लागि गणतन्त्र जीवनशैली बनेको छ, जसले उनीहरूलाई सम्मान र सशक्तीकरण प्रदान गर्छ ।राजतन्त्रको पक्षमा आवाज उठाउनेहरू प्राय: पुरानो पुस्ताका, केन्द्रवादी सोच भएका वा धार्मिक रूपमा अत्यन्तै रूढिवादी मानसिकता भएका व्यक्ति देखिन्छन्, उनीहरूको विचार न त समयसंगत छ, न त जनताको आकाङ्क्षासँग मेल खान्छ न त बदलिँदो नेपालको परिवेशसँग सहकार्य नै गर्न सक्छ त्यसैले पुस्तागत परिवर्तनले गणतन्त्रलाई केवल विकल्पको रूपमा होइन, अपरिहार्य सत्यको रूपमा स्थापित गरिसकेको छ । अब समय जनताको शासनको सशक्तीकरणको हो, न कि राजाको शासन फर्काउने प्रयासको ।

**राजतन्त्र समावेशी र विकासमुखी थिएन**

राजतन्त्रको पक्षमा बोल्नेहरू प्राय: अतीतलाई सुन्दर बनाएर प्रस्तुत गर्छन् । उनीहरू भन्छन् राजाको पालामा शान्ति थियो, व्यवस्था थियो, जनतामा अनुशासन थियो । तर यदि इतिहासलाई आलोचनात्मक दृष्टिले हेर्ने हो भने राजतन्त्रको शासन समावेशी थिएन, न त उत्तर दायी नै । त्यस शासनको मूल आधार थियो– वंशाणुगत सत्ता, उच्च जातीय एकात्मक राष्ट्रको निर्माण, र शक्ति केन्द्रीकरण ।नेपाल विविधता भएको देश हो । भाषा, जात, धर्म, क्षेत्र, र संस्कृतिको दृष्टिले अत्यन्तै बहुल । तर राजतन्त्रको अवधारणाले 'एक राजा, एक धर्म, एक भाषा' को आदर्शलाई बढवा दियो । नेपाली भाषा, हिन्दू धर्म, र पहाडी उच्च जातको पहिचानलाई राष्ट्रको मानक बनाइयो । मधेसी, आदिवासी जनजाति, दलित, मुस्लिम, र अन्य समुदायहरूलाई नागरिकता, प्रशासन, सुरक्षा निकाय, वा राजनीतिक निर्णय प्रक्रियाबाट टाढा राखियो । उनीहरू केवल राज्यका 'वस्तु' थिए–साझेदार होइनन् । पञ्चायती कालमा निर्वाचन प्रणाली थिएन, शिक्षाको पहुँच सीमित थियो, गाउँ गाउँमा विकास होइन, दरबारका आदेश बोक्ने स्थानीय मुखिया थिए । प्रेस स्वतन्त्रता थिएन । सरकारी सेवा उच्च जातीय सर्कलमा सीमित थियो । महिलाहरूको अवस्थाको त कुरै नगरौँ उनीहरू राज्यद्वारा संरक्षित होइन, नियन्त्रित नागरिक थिए । राजतन्त्रको अवधारणा विकास र समावेशिताको विरोधी थियो । त्यो दरबारमै केन्द्रित थियो–जहाँ काठमाडौँकै राजनीतिक, आर्थिक र सांस्कृतिक प्रभाव निर्णायक हुन्थ्यो । देशको अन्य भाग खासगरी, सुदूरपश्चिम, कर्णाली, मधेस सधैँ विकासको सवालमा उपेक्षामा राखियो, आज पनि ती क्षेत्रहरूमा गरिबीको दर बढी हुनु राजतन्त्रकालीन नीतिहरूको असफलताको प्रत्यक्ष प्रमाण हो । गणतन्त्रपछि मात्र संघीयता, आरक्षण र, पहिचानले मूर्तरूप पायो ।दलितहरूले बोल्न थाले, मधेसीहरूले नेतृत्व गर्न थाले, जनजातिहरूको संस्कृति सार्वजनिक भयो, महिला मन्त्री बन्न थाले । यी सबै परिवर्तनहरू गणतन्त्रले सम्भव बनाएको हो । राजतन्त्रले कुनै पनि बेला अधिकार दिने चाहना देखाएको थिएन । त्यसले त केवल शासन गर्न चाहन्थ्यो सुनुवाइ होइन । त्यसैले, राजतन्त्रको कल्पना गर्नु भनेको सामाजिक न्यायको विरोध गर्नु हो, समावेशितालाई खारेज गर्नु हो, र जनताको पहिचान मेटाउने प्रयास गर्नु हो ।

**लोकतन्त्रका समस्याहरू छन्, तर समाधान पनि त्यहीँ छ**

नेपालमा गणतन्त्रप्रतिको सबैभन्दा ठुलो आलोचना यसको कार्यान्वयनसँग सम्बन्धित छ । राजनीतिक अस्थिरता, बारम्बार सरकार परिवर्तन, भ्रष्टाचार, सेवा प्रवाहमा कमजोरी, र पार्टी नेतृत्वमा गुटबन्दी यी सबै समस्या आजको नेपाली समाजमा देखिन्छन् । यिनै समस्यालाई देखाउँदै केही समूहहरू गणतन्त्रलाई असफल शासन प्रणालीको रूपमा चित्रण गर्न खोज्छन् । उनीहरू भन्छन्, "राजतन्त्रको पालामा यस्तो अव्यवस्था थिएन, अहिले त अराजकता छ ।"तर यस्ता तर्कहरू विश्लेषणभन्दा बढी भावनात्मक प्रतिक्रिया हुन् । लोकतन्त्र कुनै परिपूर्ण प्रणाली होइन यो त सुधार सक्षम प्रणाली हो । यो त यस्तो शासन हो, जहाँ नागरिकसँग सरकार बदल्ने अधिकार हुन्छ, नीतिमा हस्तक्षेप गर्ने ठाउँ हुन्छ, र सार्वजनिक संस्थाको उत्तरदायित्व सुनिश्चित गर्न सकिन्छ ।

आज देखिएका समस्याहरू नेतृत्वको अकर्मण्यता, भ्रष्ट आचरण, वा सार्वजनिक असन्तोष यी लोकतन्त्रका असफलता होइनन्, यी लोकतन्त्रभित्र सुधार गर्नुपर्ने ठाउँहरू हुन् । लोकतान्त्रिक संरचनामा आलोचना गर्न पाइन्छ, प्रजातान्त्रिक संस्थाहरूलाई पुनर्गठन गर्न सकिन्छ, जनप्रतिनिधिहरूलाई हटाउन सकिन्छ । तर राजतन्त्रमा यस्तो कुनै प्रक्रिया थिएन । राजा माथि आलोचना गर्न पाउने अधिकार थिएन, न त त्यस शासनलाई चुनौती दिने वैधानिक ठाउँ । अहिलेको राजनीतिक व्यवस्थामा नागरिक समाज सक्रिय छ, स्वतन्त्र मिडिया क्रियाशील छ, र न्यायपालिका पनि हस्तक्षेप गर्न सक्ने अवस्थामा छ । यिनै संस्थाहरूले लोकतन्त्रभित्र सुधारका बाटाहरू खोल्छन् नागरिक आन्दोलन, सामाजिक सञ्जालमा उठ्ने बहस, पत्रकारद्वारा गरिने खुलासाहरू, र स्थानीय चुनावमार्फत हुने नेतृत्व परिवर्तनयी सबै कुराहरूले लोकतन्त्रको अन्तर्निहित शक्तिलाई झल्काउँछन् साथै लोकतन्त्रले जनतालाई सशक्त बनाउँछ । आज जनताले नेतासँग प्रश्न गर्न सक्छन् गुनासो उठाउन सक्छन् र आफैँ चुनावमा भाग लिने अधिकार पाएका छन् यो शक्ति राजतन्त्रले कहिल्यै दिएन । त्यसैले, गणतन्त्रका कमजोरीहरू सुधारको प्रक्रिया हुन् राजतन्त्रको विकल्प होइन । समस्या समाधानको बाटो लोकतन्त्रभित्र छ । यसलाई बलियो बनाउँदै लैजानु नै जनताले खोजेको परिवर्तन हो ।

नेपालको राजनीतिक रूपान्तरण केवल आन्तरिक शक्ति सैर्षको उपज होइन यो एक अन्तर्राष्ट्रिय सन्दर्भमा पनि गहिरो रूपमा सम्बद्ध छ । नेपालको गणतान्त्रिक यात्रालाई दक्षिण एसियाका प्रमुख राष्ट्रहरू, विश्व शक्तिहरू, क्षेत्रीय सङ्गठनहरू र बहुपक्षीय विकास साझेदार हरूले समर्थन गरेका छन् । २०६२–६३ को दोस्रो जनआन्दोलनपछि शान्ति प्रक्रिया, अन्तरिम संविधान, र संविधानसभाको गठनदेखि लिएर २०७२ को संविधान निर्माणसम्मको सम्पूर्ण प्रक्रियामा अन्तर्राष्ट्रिय समुदायको योगदान निर्णायक रह्यो । भारत, चीन, अमेरिका, युरोपेली सै, राष्ट्रसै र विश्व बैंक जस्ता निकायहरूले नेपालमा स्थायित्व, समावेशिता, र लोकतान्त्रिक शासनको स्थापना आवश्यक रहेको ठाने । उनीहरूले राज्य पुन: संरचना, संविधान निर्माण, द्वन्द्व व्यवस्थापन र विकासका लागि व्यापक सहयोग गरे । ती सबै समर्थन गणतन्त्रप्रति विश्वास र प्रतिबद्धताको सङ्केत थिए ।

यदि नेपालमा अहिले फेरि राजतन्त्रको पुन: स्थापनाको प्रयास गरियो भने, यसले नेपालको अन्तर्राष्ट्रिय हैसियतमा गम्भीर असर पार्नेछ । यस्तो कदमलाई प्रगतिशील र लोकतान्त्रिक मूल्यहरूमा विश्वास गर्ने मुलुकहरूले स्पष्ट रूपमा अस्वीकार गर्छन् राजतन्त्र फर्काउने कोसिसलाई उनीहरूले प्रतिक्रियावादी, जनअधिकारमाथिको हमला, र संवैधानिक अस्थिरता निम्त्याउने कार्यको रूपमा लिनेछन् त्यसको प्रत्यक्ष असर नेपालको कूटनीतिक सम्बन्ध, वैदेशिक सहायता, लगानी वातावरण, र अन्तर्राष्ट्रिय विश्वासमा पर्छ । नेपाल अहिले पनि विदेशी सहयोगमा निर्भर छ चाहे त्यो पूर्वाधार निर्माणमा होस्, शिक्षा वा स्वास्थ्य क्षेत्रमा होस् वा जलवायु अनुकूलनमा । यदि नेपालको शासन प्रणालीमा कट्टरपन्थी, अव्यवस्थित, वा अलोकतान्त्रिक प्रवृत्ति देखियो भने, यस्ता सहयोगहरू प्रभावित हुन सक्छन् अर्कोतर्फ, नेपालले हालसम्मका अन्तर्राष्ट्रिय सम्मेलनहरूमा जस्तै संयुक्त राष्ट्र महासभा, सार्क , बिमस्टेक आदि गणतन्त्र र लोकतन्त्रलाई प्रतिनिधित्व गर्दै आएको छ । यसैले, अन्तर्राष्ट्रिय सन्दर्भमा पनि नेपालले लोकतान्त्रिक मूल्यमा अडिग रहनपर्छ । केवल आन्तरिक राजनीतिक समीकरण मात्र होइन, नेपालको कूटनीतिक स्थायित्व र विश्वसनीयताका लागि पनि गणतन्त्र अपरिहार्य छ ।

**अबको बाटो– गणतन्त्र सुदृढ गर्दै अगाडि बढ्ने**

नेपालको राजनीतिक परिवर्तनको गन्तव्य अझै पूरा भइसकेको छैन । गणतन्त्रको घोषणाले नयाँ यात्रा सुरु गर्‍यो, तर त्यसलाई संस्थागत गर्नु, जनउत्तरदायी बनाउनु, र समावेशी रूपले सञ्चालन गर्नु अझै पनि चुनौतीपूर्ण कार्य हो । हामीले केवल राजतन्त्र हटाएका छौँ । अझै पनि केही संरचनात्मक विसङ्गतिहरू, सत्ता केन्द्रित सोच, र कमजोर कार्यान्वयन प्रणालीहरू बाँकी छन् । अबको बाटो यही गणतन्त्रलाई सुधार्दै, सुदृढ गर्दै र जनमुखी बनाउँदै लैजाने हो ।

सबैभन्दा पहिले, संघीयता कार्यान्वयनमा दृढता आवश्यक छ । प्रदेश र स्थानीय तहहरूलाई आर्थिक, प्रशासनिक, र कानुनी अधिकार सम्पूर्ण रूपमा हस्तान्तरण गर्नुपर्छ । निर्णय केन्द्रमा मात्रै सीमित हुँदा समावेशिता कमजोर हुन्छ । प्रत्येक प्रदेशको विशेषता, आवश्यकताअनुसार नीति निर्माण र कार्यान्वयन गर्ने अभ्यासले मात्र गणतन्त्रलाई व्यावहारिक बनाउँछ ।

दोस्रो, राजनीतिक पार्टीहरू भित्रको आन्तरिक लोकतन्त्र बलियो पार्न आवश्यक छ । पार्टीहरूमा गुटबन्दी, वंशवाद, र शक्ति सन्तुलनको अभावले जनता र नेताबिचको दूरी बढाएको छ । युवाहरू, महिलाहरू, र दलित-जनजाति समुदायहरूलाई पार्टी नेतृत्वमा लैजानु र आन्तरिक चुनाव प्रणालीको विकास गर्नु जरुरी छ ।

तेस्रो, भ्रष्टाचार नियन्त्रण गणतन्त्रको विश्वसनीयताको केन्द्रबिन्दु हो । आजको सबभन्दा ठुलो असन्तुष्टि यही विषयमा देखिन्छ । यदि भ्रष्टाचार नियन्त्रण गर्न सकिएन भने जनतामा लोकतन्त्रप्रतिको विश्वास कमजोर हुँदै जान्छ । त्यसैले, अख्तियार, न्यायालय, र नागरिक समाजबिचको सहकार्यद्वारा प्रभावकारी अनुगमन प्रणाली निर्माण गरिनु पर्दछ ।

चौथो, नागरिक शिक्षामा लगानी अत्यावश्यक छ । गाउँदेखि सहर सम्मका जनतालाई लोकतान्त्रिक प्रक्रिया, अधिकार र कर्तव्यबारे जानकारी दिनु, कानुनी चेतना अभिवृद्धि गर्नु, र नीतिगत विषयमा सहभागी गराउनु गणतन्त्रको जरो बलियो बनाउने उपाय हो ।

पाँचौं, सूचना प्रविधिको प्रयोगद्वारा सरकारलाई पारदर्शी बनाउनु आजको युगको आवश्यकता हो । डिजिटल गभर्नेन्स, अनलाइन सेवाहरू, बजेट निगरानी प्रणाली, र सार्वजनिक प्रतिवेदनले शासन प्रणालीलाई जनमुखी बनाउँछ ।

*(साभार: रातोपाटी)*

नेपाल सुपर लिग :

# ‘इनभिन्सिबल’ ललितपुर सिटी एफसी

काठमाडौं/ ‘एनएसएलको दोस्रो संस्करणमा ललितपुरले उपाधि जित्यो । हामील नेवारी भोज दिएका थियौं । यस पटक पनि मैले त्यो अवसर पाउँछु भन्ने आशा छ’ नेपाल सुपर लिग २०२५ को लागि ललितपुर सिटीको आधिकारिक जर्सी लन्च कार्यक्रममा ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले यसो भनेका थिए ।

‘यस पटक हामीलाई उपाधि रक्षा गर्न गाह्रो हुन्छ होला । किनभने सबै टिमहरु राम्रा छन्’ ललितपुरका कप्तान अनन्त तामाङ लिग सुरु हुनुअघि यसो भनेका थिए । दुवै भनाई ललितपुरले एनएसएलको उपाधि रक्षा गर्नुअघि आएको थियो । मेयर चिरिबाजुले ललितपुर सिटीलाई उपाधि जित्नलाई लागि अझ ऊर्जा भर्ने काम गरेका थिए ।

कप्तान अनन्तले पनि उपाधि जित्न जस्तो रक्षा गर्न सहज नहुने र अझ मिहिनेत गर्नुपर्ने भन्दै उक्त भनाई राखेका थिए । त्यसले पनि टिमलाई अझ बलियो भएर मैदानमा उत्रन सहयोग गर्‍यो । त्यही ललितपुर सिटीले शनिवार पोखरा थण्डर्सलाई २-१ ले हराउँदै अपराजित रहेर तेस्रो संस्करणको उपाधि जित्यो । ललितपुरले यस पटक उपाधि जित्दा केही विशेष कीर्तिमानहरु बने । जुन आउने दिन सहजै रुपमा तोडिन कठिन छ ।

पहिलो ललितपुर एनएसएलमा अपराजित रहँदै उपाधि जित्ने पहिलो टिम बन्यो । अनि ललितपुर लगातार दोस्रो पटक च्याम्पियन बन्दै उपाधि रक्षा गर्ने पहिलो टिम बन्यो । यस्तै अपराजित रहँदै उपाधि जितेको ललितपुरले अपराजित यात्रालाई समेत लम्बाएर ११ खेल पुर्‍याएको छ । त्यसमा अघिल्लो सिजन च्याम्पियन बन्दाका अन्तिम ३ खेल र यस सिजनको ८ खेल समावेश हुनेछ ।

फुटबलमा इनभिन्सिबल भन्ने एउटा शब्द छ । जसको अर्थ हुन्छ कुनै खेल नहारी अपराजित रहेर उपाधि जित्नु । ललितपुरले त्यही काम गरेको छ । अब ललितपुर इनभिन्सिबल च्याम्पियन बनेको छ । जुन अब अन्य टिमलाई त्यो बराबरी गर्नु चुनौती पनि हुनेछ । इनभिन्सिबल, अनडिफिटेड, जायन्ट टिम । ललितपुर सिटीलाई जे जे भनेर सम्बोधन गर्दा पनि हुन्छ । किनभने ललितपुरले मैदानमा त्यस्तै किसिमको प्रदर्शन गर्‍यो अनी एनएसएल ट्रफी र नगद ८० लाखको हकदार बन्यो ।

ललितपुरका प्रशिक्षक र कप्तानले अपराजित रहँदै उपाधि जित्न पाउँदा खुशी व्यक्त गरे । खेलाडीहरुको मिहिनेतले नै यो सफलता पाएको उनीहरुको भनाई थियो । ‘हामीले पछिल्लो ६(७ हप्ता कडा मिहिनेत गरेका थियौं । त्यसैको नतिजा हो । पूरा क्रेडिट खेलाडीहरुलाई जान्छ’ ललितपुरका मुख्य प्रशिक्षक साइमन ग्रेसनले भने, ‘म एकदमै खुशी छु । यो यात्रा गज्जबको रह्‌यो ।’

यस्तै कप्तान अनन्त तामाङले लगातार दुई पटक उपाधि जित्न पाउँदा खुशी लागेको बताए । ‘फेरि जित्न पाउँदा एकदमै खुशी छु । दुई वटा भयो । पहिलो सिजन चोटका कारण खेल्न पाइँन, उनले भने, ‘जितको श्रेय सम्पूर्ण टिम मेम्बर, फिजियो र म्यानेजमेन्टलाई दिन चाहन्छु । टिमवर्कले गर्दा नै यो नतिजा आएको हो ।’

कप्तान अनन्तसँगै नेपाली खेलाडी सनिश श्रेष्ठ र आदित्य शाक्य अनी विदेशी खेलाडीहरु गोलकिपर जेफ्री बाल्टुस तथा फरवार्डद्वय इमोह इजेकेल र पापा इबोउ केबेले पनि लगातार दोस्रो पटक उपाधि जितेका हुन् ।



### फाइनलमा दुई विदेशी खेलाडीको गोल

दुई विदेशी खेलाडी इमोह इजेकेल र पापा इबोउ केबेले गोल गरेपछि ललितपुरले दशरथ रंगशालमा भएको फाइनलमा पोखरा थण्डर्सलाई २-१ ले हरायो । त्यसमा पनि नाइजेरियन इमोह नायक नै रहे । उनले एक गोल गर्नुका साथै एक असिस्ट पनि गरे । उनी फाइनलको प्लेअर अफ दि म्याच समेत बने ।

खेलको सुरुवात सुस्त रहेपनि इमोहले ४२औं मिनेटमा पहिलो गोल गर्दै ललितपुरलाई अग्रता दिलाएका थिए । सुदिल राईले ६४औं मिनेटमा पोखराका लागि बराबरी गोल त फर्काए तर पोखराको खुशी लामो समय टिकेन । इमोहकै पासमा पापा इबोउ केबेले ७४औं मिनेटमा गोल गर्दै ललितपुरलाई अग्रता दिलाए र त्यही गोल निर्णायक बन्दा ललितपुर च्याम्पियन बन्यो । त्यसबाहेक ललितपुर र पोखरा दुवैले गोल गर्ने केही अवसर बनाएको थियो तर त्यो गोलमा परिणत भएन ।

यस पटक पनि फाइनलमा विदेशी खेलाडी नै निर्णायक बने । दोस्रो सिजनमा पनि इमोहले फाइनलमै दुई गोल गरेका थिए र सर्वाधिक गोलकर्ता बनेका थिए । यस पटक पनि उनले फाइनलमै गोल गरे । यस सिजन ३ गोल गरेका इमोह धनगढी एफसीका लेवनानी फरवार्ड अहमद हिजाजीसँगै एनएसएल इतिहासमै सर्वाधिक गोल (९ गोल) गर्ने सूचीमा अगाडि छन् ।

इमोह र पापा इबोउ केबे तिनै खेलाडी हुन् जो यस सिजन एनएसएलमा सबैभन्दा ढिला ललितपुर सिटीमा समावेश भएका थिए । दुवैले अघिल्लो सिजन खेलिसकेकोले उनीहरुले कस्तो खेल्छ टिमलाई थाहा थियो । तर पापा इबोउ त अन्तिम समयमा मात्र ललितपुरबाट खेल्ने पक्का भएका थिए । यसअघि भुटानका कप्तान चेन्चो ग्याल्तसेनलाई अनुबन्ध गरिएपनि उनी घाइते भएपछि ललितपुरले पापा इबोउ केबेलाई अनुबन्ध गरेको थियो । र उनी पापा केबेले निर्णायक गोल गर्दै ललितपुरलाई उपाधि जिताउन सहयोग गरे ।

### जितको सुत्र

फुटबलमा उपाधि जित्न जति गाह्रो हुन्छ त्यसलाई रक्षा गर्न झन् गाह्रो हुन्छ भनिन्छ । अझ लगातार उपाधि जित्नु त्यसमा पनि अपराजित रहेर उपाधि जित्नु आफैँमा चुनौतीपूर्ण नै हुन्छ । ललितपुरले त्यो काम गरेर देखाएको छ । खासमा ललितपुर टिममा के त्यस्तो जादु छ जसले लगातार उपाधि जित्न सफल भयो र अपराजित यात्रा कायम राख्यो ? मैदान भित्र खेलाडीको प्रदर्शन अनी मैदान बाहिर टिम म्यानेजमेन्टको साथले ललितपुरले यो सफलता हात पारेको हो ।

‘राम्रो रिजल्ट आएकोछ । लगातार ट्रफी जित्न सक्यौं । प्रदर्शन जस्तो भएपनि मैदान बाहिरको टिमवर्क र सबै म्यानेजमेन्टको सपोर्टले गर्दा रिजल्ट आएको हो,’ कप्तान अनन्तले भने, ‘प्रदर्शन उतारचढाव भएपनि टिमवर्कले गर्दा नै यो सफलता आएको जस्तो लाग्छ ।’

यस्तै प्रशिक्षक साइमन ग्रेसनले खेलाडीको मिहिनेत, टिम स्प्रिटले गर्दा सफलता हात परेको बताए । ‘हामीले ट्रेनिङमा कडा मिहिनेत गर्‍यौं । टिम स्प्रिट राम्रो थियो र मुख्य कुरा खेलाडीहरु राम्रो थिए,’ ग्रेसनले भने, ‘नेपाली खेलाडीहरु राम्रा थिए र विदेशी खेलाडीहरुले पनि राम्रो खेले । लिगमा एक खेलमा सुरुवात गरेका मनोज राईले फाइनलमा राम्रो खेले । आदित्य शाक्यले राम्रो खेले । उनले नम्बर टेनमा यसअघि खेलेका थिएनन् होला ।’

लगातार उपाधि जित्नु, त्यो पनि अपराजित रहेर चानचुने कुरा होइन । त्यसमा खेलाडीको प्रदर्शन, टिम म्यानेजमेन्ट, बन्डिङ देखि धेरै कुराहरु महत्वपूर्ण हुन्छ । जुन ललितपुरमा देखिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# सुशान्त केसीको गीत ‘बार्दली’लाई टि सिरिजले हिन्दीमा ल्याउने



काठमाडौं/सुशान्त केसीको बहुचर्चित गीत ‘बार्दली’ अब हिन्दी भाषामा आउने भएको छ । भारतको चर्चित संगीत उत्पादन कम्पनी टि सिरिजले गीतको हिन्दी संस्करण ‘उफ्’ रिलिज गर्ने भएको छ ।

यो गीतको हिन्दी भर्सनको टिजर सार्वजनिक गर्दै टि सिरिजले यो गीत अप्रिल २८ अर्थात आगामी सोमबार रिलिज हुने जनाएको छ । टिजरमा सुशान्त केसी र स्वस्तिमा खड्कालाई फिचर्ड गरिएको छ ।

‘सानो बाल्कोनीको क्षणदेखि भावनाहरूले भरिएको संसारसम्म, हामी तपाईंको फदयमा छल्किने भावना लिएर फर्किएका छौं’ टि सिरिजले टिजर सार्वजनिक गर्दै लेखेको छ । यद्यपि, हिन्दी गीतबारे विस्तृत खुलाइएको छैन ।

यो गीतको नेपाली सस्करण ‘बार्दली’लाई चाहिँ ७ करोड ७२ लाख पटक युट्युबमा हेरिएको छ । स्पोटीफाई लगायतका प्लाटफर्ममा पनि लाखौं पटक सुनिएको छ । यो गीत रिलिजको केही महिनामै युट्युबको ग्लोबल ट्रेन्डिङमा समेत परेको थियो ।

अहिलेका चर्चित नेपाली गायक सुशान्त र भारतको विश्वचर्चित म्युजिक लेबल टि सिरिजको यो सहकार्यले नेपाली संगीतलाई अझै ब्यापक अन्तर्राष्ट्रिय दर्शकमाझ फैलाउने अपेक्षा गरिएको छ ।

# ‘भ्वाइस’को स्टेजमा फर्किए कुमा सागर, कोचले दिए ‘स्ट्यान्डिङ ओभेसन’



काठमाडौं/६ वर्षपछि कुमा सागर ‘भ्वाइस अफ नेपाल’को स्टेजमा फर्किएका छन् । तर, यसपटक प्रतिस्पर्धाको लागि होइन, प्रस्तुतिको लागि ।

शुक्रबार बेलुका प्रसारित एपिसोडमा कुमा सागर र उनको ब्याण्डले भ्वाइस अफ नेपालको स्टेजमा दमदार प्रस्तुति दिएको छ । लाइभ शोको राउण्डमा कुमा सागरले आफ्नो चर्चित गीत ‘छहरे सरी : दया तया’मा प्रस्तुति दिए ।

कुमा सागरको प्रस्तुतिमा उपस्थित दर्शक मन्त्रमुग्ध भएका थिए । भ्वाइसमा प्रस्तुति दिँदा आफूलाई गर्व महसुस भएको कुमा सागरले बताए ।

‘यहाँ दाईहरुले बाटो देखाइदिनुहुन्छ । हामीले आफ्नो बाटो खोज्ने हो’ प्रतियोगीलाई कुमा सागरले प्रोत्साहन दिँदै भने । कुमाले सन् २०१९ मा आयोजित भ्वाइसको दोस्रो सिजनमा भाग लिएका थिए ।

भ्वाइसकै पूर्व प्रतिस्पर्धी भएकाले पनि धेरै युवाका लागि उनी प्रेरणाको स्रोत बनेको कोचहरूले बताए । कोच राजु लामाले कुमा सागर युवाका लागि प्रेरणाको स्रोत बनेको बताए । कोच मेलिना राईले कुमा सागर भ्वाइसलाई गर्व गर्न सक्ने क्षण भएको बताइन् ।

कोच खेम सेन्चुरी र उदय सोताङले कुमा सागरको सांगीतिक यात्राको प्रशंसा गरे । चारैजना कोचले कुमा सागरप्रति सम्मान व्यक्त गर्दै ‘स्ट्यान्डिङ ओभेसन’ प्रदान गरे ।

# गुन्द्रुक : हेपिएको तरकारीको बढेको भाउ




काठमाडौं/गुन्द्रुक ! यो आफैंमा यस्तो स्वादिलो चिज हो, जुन सम्भवतः सारा नेपालीको भान्सामा पाक्ने गर्छ । गुन्द्रुक नपाक्ने नेपालीको भान्सा भेट्न सायद मुस्किल हुन्छ ।

पहिले-पहिले ‘हेपिएको तरकारी’ मा पर्ने गुन्द्रुकको पछिल्लो पटक निकै ‘भाउ’ बढेको छ । सामान्यतया हरिया सागसब्जी सुकाएर बनाइने गुन्द्रुक संसारको जुनसुकै कुनामा पुगेका नेपालीको भान्सामा स्वादको बहार ल्याइरहेको छ । विदेशमा रहेका आफन्त, नातागोतालाई कोसेली पठाउनु पर्‍यो ? सजिलो छ- गुन्द्रुक पठाउने । विगतमा खासै वास्ता नगरिने गुन्द्रुक अहिले साना पसलदेखि ठूला डिपार्टमेन्टल स्टोर र मार्टमा प्याकेजिङ र लेबल सहित बिक्री भइरहेका छन् । त्यसमाथि अनलाइन सपिङ प्लेटफर्ममा त दर्जनौं ‘भेराइटी’ का गुन्द्रुक अर्डर गर्न पाइन्छ ।

भाटभटेनी सुपरस्टोर, बिगमार्ट जस्ता ठूला सपिङ सेन्टर मात्र होइन, सहर र गल्लीचोकमा रहेका मध्यम खालका स्टोरहरूमा पनि गुन्द्रुक खोज्न आउनेको संख्याले पनि यसको स्वाद र मागले उपभोक्तालाई कतिविधि तानिरहेको छ भन्ने पुष्टि गर्छ ।

यसरी गुन्द्रुक किन्न आउनेहरू आफ्नै भान्सामा पकाएर खानेदेखि आफन्तलाई विदेश पठाउनका लागि लिन आउनेहरू हुन्छन् । गाउँघरतिर पहिले सित्तैमा पाइने गुन्द्रुक अहिले भने राम्रै पैसा तिरेर किन्नुपर्छ । पछिल्लो पटक गुन्द्रुकमा उपभोक्ता झुम्मिरहेका छन् । स्वदेशमा मात्र होइन, विदेश जाने र उतै भएका नेपालीको रोजाइमा पनि गुन्द्रुक परिरहेको छ ।

अहिले मेला महोत्सवमा पनि गुन्द्रुकको परिकार खुवाउनेदेखि ब्रान्डिङ गरी बेचेर आम्दानी गरिरहेको पाइन्छ । त्यतिमात्र होइन, पछिल्लो पटक त तारे होटल, रिसोर्ट, रेस्टुरेन्टका मेनुमा पनि गुन्द्रुकका परिकार हुने गरेको छ ।

### गुन्द्रुक किलोकै १२ सय ५०

नेपाली बजारमा अहिले गुन्द्रुकको भाउ प्रतिकिलो ७ सयदेखि १ हजार २ सय रुपैयाँसम्म पर्छ । देशकै सबैभन्दा ठूलो तरकारी बजार काठमाडौंको कालीमाटी फलफूल तथा तरकारी बजार र अर्को तरकारी बजार बल्खु तरकारी बजारमा गुन्द्रुक बढी बिक्री हुने गरेको छ । यहाँका व्यापारीले काभ्रे, धादिङ, नुवाकोट, इलाम, पोखरा लगायत ठाउँबाट ल्याएर गुन्द्रुक बेच्ने गरेका छन् ।

नयाँ बानेश्वरको एक मार्टमा अर्गानिक गुन्द्रुक भनेर लेबलिङ र ब्रान्डिङ गरेको प्याकेटमा गुन्द्रुक बेच्न राखिएको छ । मार्ट सञ्चालकका अनुसार उक्त गुन्द्रुक ललितपुरमा उत्पादन भएको हो । ‘ललितपुरमा एक जना दिदीले आफैं साग उत्पादन गरेर गुन्द्रुक बनाउनुहुन्छ,’ उनले भने, ‘उहाँले बनाएको गुन्द्रुक मिठो पनि र सफा पनि छ । यो गुन्द्रुकका धेरै ग्राहक पनि हुनुहुन्छ ।’

उनको मार्टमा तोरी, रायो र मुलाको सागको गुन्द्रुक पाइन्छ । तीमध्ये केहीको ब्रान्डिङ र लेबलिङ गरिएको छ भने केहीको सादा प्याकेटमा उपलब्ध छ । सागअनुसार गुन्द्रुकको मूल्य फरक-फरक छ । रायोको सागको गुन्द्रुक १ सय ग्रामको मूल्य ९५ रुपैयाँ तोकिएको छ । मुलाको सागको गुन्द्रुकको मूल्य २ सय ग्रामको २ सय २५ र तोरीको सागको गुन्द्रुकको मूल्य १ सय ग्रामलाई १ सय २५ रुपैयाँ छ ।

मार्ट सञ्चालकका अनुसार गुन्द्रुक अहिले प्रतिकिलो ६ सय रुपैयाँदेखि १ हजार २ सय ५० रुपैयाँसम्ममा किनबेच हुन्छ । ‘गुन्द्रुकको कुनै सिजन हुँदैन, जहिले पनि जुन स्वादमा बनाएर खान मिल्ने भयो,’ उनी भन्छन्, ‘मैलै नै महिनामा १०-१५ किलो गुन्द्रुक बेच्दै आएको छु ।’ सोही मार्टमा भेट भएकी अनुषा शाही विदेशमा रहेकी आफ्नी दिदीलाई पठाउने भन्दै गुन्द्रुक किन्न आएकी थिइन् । उनले अस्ट्रेलिया बस्ने दिदीलाई पठाउने भन्दै ३ किलो गुन्द्रुक किनिन् । ‘दिदीलाई गुन्द्रुक असाध्यै मन पर्ने, फोनमा जहिले पठाइदिन भनिरहनुहुन्छ,’ उनले भनिन्, ‘उहाँले सारै रहर गरेको भएर किनेर पठाउन लागेको । घरमा गुन्द्रुक उत्पादन छैन । खान मन लागे किनेरै खाने हो ।’ उनले प्रतिकिलो ८ सय रुपैयाँका दरले ३ किलो गुन्द्रुकलाई २ हजार ४ सय रुपैयाँ खर्चिइन् ।

### गुन्द्रुकको नसोचेको व्यापार

कास्की पोखरा महानगर पालिका-१६ का प्रकाश आचार्य आफैंले गुन्द्रुक बनाएर लेबलिङ र ब्रान्डिङ गरेर बेचिरहेका छन् । उनले तीन वर्षयता गुन्द्रुक उत्पादन गरेर बेचिरहेको बताए । आचार्यलाई गुन्द्रुकको व्यापार यति राम्रो होला भन्ने लागेकै थिएन ।

उनले ‘हरिलो ब्रान्ड’ का नाममा गुन्द्रुक लेबलिङ र ब्रान्डिङ गर्दै आइरहेका छन् । पाँच वर्षदेखि ‘हरिलो एग्रो इन्डस्ट्री प्रालि’ नामबाट उनले उद्योग चलाइरहेका छन् । यो व्यवसाय आचार्यकी श्रीमती रोशनी शर्माले भान्साबाट सुरु गरेकी हुन् । उनले सुरुमा सेल, अचार, मस्यौरा लगायत विभिन्न सामग्री बनाएर बेच्थिन् । त्यो व्यवसाय राम्रो हुँदै गएपछि आचार्य दम्पतीले गुन्द्रुक उत्पादन पनि सुरु गरेका हुन् ।

उनीहरूले उत्पादन गर्ने गुन्द्रुक रायो र मिक्स हो । ‘रायोको गुन्द्रुक ठूलो परिमाणमा हामीले नै उत्पादन गरिरहेका छौं,’ आचार्यले भने, ‘अब वर्षमा ५ टन गुन्द्रुक उत्पादन गर्ने लक्ष्य छ ।’ आचार्यले गुन्द्रुक उत्पादन गरे पनि साग भने उत्पादन गर्दैनन् । पोखरा नजिकैका गाउँका किसानहरूले उत्पादन गरेको साग किनेर गुन्द्रुक बनाउने उनले बताए ।

‘हामीले लुम्ले, काँडे, हेम्जा लगायत गाउँका किसानबाट साग किन्छौं,’ आचार्य भन्छन्, ‘कतिपय किसानसँग त हामीले साग किन्ने सम्झौता नै गरेका छौं ।’ आचार्यले सिजनमा गुन्द्रुक बनाउनका लागि प्रतिकिलो २५ रुपैयाँदेखि ३० रुपैयाँसम्म र अफ सिजनमा ४० रुपैयाँसम्ममा किन्ने गरेको सुनाए ।

आफूहरूले उत्पादन गरेका साग खेर नजाने र राम्रो आम्दानीको स्रोत हुने भएपछि किसानहरू पनि साग खेतीतर्फ आकर्षित भइरहेको उनी बताउँछन् । ‘गुन्द्रुक बेचेर पनि राम्रो आम्दानी गर्न सकिन्छ भन्ने लागेपछि हामीले व्यावसायिक उत्पादन थालेका हौं,’ आचार्यले सुनाए, ‘देशदेखि विदेशसम्म गुनद्रुकको यात्रा हुने भएपछि यसको व्यापार धेरै राम्रो छ ।’

उनले उत्पादन गरेको ९० प्रतिशत गुन्द्रुक विदेशमा खपत हुन्छ । उनका अनुसार इटाली, चेक रिपब्लिक, पोर्चुगल, स्पेन, बेलायत, रोमानिया, अस्ट्रेलिया, दुबई, ओमन, जापान लगायत देशमा पुग्ने गरेको छ । ‘हामीले एक जना वितरकलाई दिने गरेका छौं,’ उनले भने, ‘उहाँले विदेश पठाउने गर्नुहुन्छ । यो सबै गुन्द्रुक किन्ने भनेका विदेशमा बस्ने नेपाली हुन् ।’

यस्तै उनले ब्रान्डिङ गरेको गुन्द्रुक भाटभटेनी, सेल्सबेरी, बिगमार्ट, खजुरीको पसलदेखि अन्य ठूला-साना र खुद्रा पसलबाट पनि बिक्री हुने गरेको छ । ‘हामीले १ सय ग्रामका प्याकेटदेखि किलोसम्मका प्याकेट बनाएका छौं,’ उनले भने, ‘१ सय ग्रामको प्याकेटलाई हामीले ९० रुपैयाँ मूल्य तोकेका छौं । एक किलो गुन्द्रुकको होलसेल मूल्य ७ सयदेखि ८ सय रुपैयाँसम्म पर्न जान्छ ।’

उनले २०८१ सालमा २ हजार किलो (२ टन) गुन्द्रुक बेचेका थिए । यो वर्ष ५ टन बेच्ने लक्ष्य छ । पोखराका आचार्य जस्तै सुनसरीकी सञ्जु अधिकारीले पनि गुन्द्रुक उत्पादन सुरु गरेकी छिन् । सञ्जु आफैंले तोरीको साग उत्पादन गरेर २ हजार किलोभन्दा बढी गुन्द्रुक उत्पादन गरेकी हुन् ।

‘हामीले उत्पादन गरेको सबै गुन्द्रुक खपत भइसक्यो,’ अधिकारीले भनिन्, ‘हामीले यहाँबाट गुन्द्रुक काठमाडौं पठाएका थियौं । सबै गुन्द्रुक त्यहाँका बजारदेखि हङकङ, अमेरिकासम्म पुग्यो ।’ अधिकारीले उक्त गुन्द्रुकको मूल्य गुणस्तरका हिसाबले तय गरेकी थिइन् । उनले गुन्द्रुक प्रतिकिलो ५ सयदेखि ८ सय रुपैयाँसम्ममा बेचेको बताइन् ।

### वर्ष दिनमै गुन्द्रुकको भाउ ११ प्रतिशतसम्म बढ्यो

एक वर्षमा कालीमाटी तरकारी बजारमा गुन्द्रुकको भाउ ११ प्रतिशतसम्म बढेको छ । वैशाखदेखि चैत २०८१ सम्ममा गुन्द्रुकको भाउ यो दरमा बढेको हो । अहिले कालीमाटीमा गुन्द्रुकको भाउ अधिकतम २ सय ५० देखि ३ सय २६ रुपैयाँमा किनबेच भइरहेको छ । गत वर्ष मध्यतिर गुन्द्रुकको भाउ अधिकतम किलोको २ सयदेखि २ सय ७५ रुपैयाँसम्म थियो ।

यस्तै खुद्रा पसलदेखि ठूला पसलसम्म पनि गुन्द्रुकको भाउ फरक-फरक छ । केही नाम चलेका अनलाइन प्लेटफर्महरूमा गुन्द्रुकको भाउ १ सय रुपैयाँदेखि १ हजार २ सय रुपैयाँसम्म तोकिएको छ । अझै चाखलाग्दो कुरा ढिकीमा कुटेर बनाइएको सागको गुन्द्रुकको भाउ किलोको २ हजार रुपैयाँसम्म तोकिएको पाइयो ।

*(स्रोत: अनलाइनखबर)*

# ‘व्हाइट’मा रविशंकरको भूमिका निभाउँदै विक्रान्त




काठमाडौं/‘टुवेल्थ फेल’का अभिनेता विक्रान्त मेसीले गत डिसेम्बरमा फिल्मबाट ब्रेक लिने घोषणा गरेका थिए । सन् २०२५ मा अन्तिम पटक भेट्ने उनको उद्घोष थियो । तर, अभिनयबाट विश्राम लिने घोषणा पश्चात पनि उनले एकपछि अर्को फिल्म सम्झौता गरिरहेका छन् । यो बीचमा ‘यार जिगरी’ र ‘आँखों की गुस्ताखियाँ’ फिल्मको छायांकन भ्याइसकेका उनी अब नयाँ फिल्ममा जोडिएका छन् ।

विक्रान्तले ग्लोबल थ्रिलर फिल्म ‘व्हाइट’मा काम गर्न लागेका हुन् । यसमा उनले भारतको प्रख्यात गैर-नाफामुलक मानवतावादी संस्था द आर्ट अफ लिभिङ फाउण्डेशनका संस्थापक तथा चर्चित आध्यात्मीक गुरु श्री श्री रविशंकरको भूमिका निर्वाह गर्न लागेको जनाइएको छ । यसका लागि उनले तौलदेखि दाह्री-कपालसम्म बढाएका छन् भने रविशंकरसँग केही पटक भेट गरिसकेका छन् ।

मन्टू बासीको निर्देशन रहने ‘व्हाइट’ एफएआरसी र कोलम्बिया सरकारबीच ५२ वर्षसम्म चलेको सिभिल वारको कथामा आधारित भएर बन्न लागेको हो । यो युद्धलाई सुल्झाउन धर्मगुरु रविशंकरले महत्त्वपूर्ण भूमिका खेलेका थिए । यतिबेला फिल्मको प्रि-प्रोडक्सनको सम्पूर्ण काम कोलम्बियामै भैरहेको छ । छायांकन भने आगामी जुलाईदेखि सुरु गर्ने तयारीमा निर्माण टिम रहेको छ ।

‘व्हाइट’पछि विक्रान्तले निर्देशक फरहान अख्तरको फिल्म ‘डन ३’मा पनि काम गर्न लागेको चर्चा छ । यद्यपि, यसको स्वतन्त्र पुष्टि भइसकेको छैन । ‘टुवेल्थ फेल’बाट अविश्वसनीय लोकप्रियता हासिल गरेका उनको पछिल्लो फिल्म ‘द साबरमती रिपोर्ट’ पनि बक्स अफिसमा सफल भएको थियो । तर, गत वर्ष अचानक फिल्मबाट विश्राम लिने घोषणा गरेपछि उनका प्रशंसक स्तब्ध बनेका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बाँदर प्रभावित क्षेत्रका किसानलाई बेसारको बीउ वितरण



साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ हेटौंडा उपमहानगरपालिका-६ स्थित नौलोबिहानी कृषि सहकारी संस्थाले १६ औं स्थापना दिवसको अवसरमा शेयरसदस्यलाई बेसारको बीउ वितरण गरेको छ ।

हेटौडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा बाँदर प्रभावितक्षेत्रका किसानलाई बेसारको बीउ वितरण गरिएको हो । ६ नम्बर का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यतामा ३५ जना किसानलाई १० केजीदेखि ४० केजीसम्म बेसारको बीउ वितरण गरिएको हो । कार्यक्रममा वडाअध्यक्ष दाहालले बाँदर आतंकका कारण अन्य खेती गर्न कठिन भएको जग्गामा बेसारखेती प्रवर्द्धन गर्नका लागि उपमहानगरले सहयोग पुऱ्याएको बताए । अध्यक्ष दाहालले टनेल खेती र बीउबिजन प्रवर्द्धनमा वडाले विशेष योजना बनाएर कार्य गर्दै आइरहेको उल्लेख गरे ।

आगामी वर्ष फिर्ता गर्ने गरी माग र जग्गाको क्षेत्रफलको आधारमा बीउ वितरण गरिएको संस्थाका अध्यक्ष विष्णु ढुंगानाले जानकारी दिए । संस्थाले तेलमिल सञ्चालनको तयारी गरिरहेको उनले बताए । नौलोबिहानी कृषि सहकारीमा चार सय २१ शेयरसदस्य आबद्ध छन् । बाँदर आतंकका कारण अन्य बाली सखाप पार्दै आएको अवस्थामा बेसारको बीउ पाउँदा किसान खुशी भएका छन् । कार्यक्रममा हेटौंडा उपमहानगरकी कृषि प्राविधिक बिन्दु पोखेल, वडासदस्यहरु, वडास्थित विभिन्न सहकारी संस्थाका अध्यक्ष एवम् प्रतिनिधि, सञ्चारकर्मी र कृषकको उपस्थिति रहेको थियो ।

# मोफसलमा सेयर कारोबारमा बढ्दो उत्साह

साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ धितोपत्र बजारमा लगानी गर्ने क्रम मोफसलमा तीब्ररुपमा बृद्धि भएको छ । पछिल्ला दिनमा प्रबिधिको प्रयोगले धितोपत्र कारोबार गर्न सहज भएपछि मोफसलमा लगानीकर्ताको आकर्षण बढेको हो ।

धितोपत्र व्यवसायी त्रिशक्ति सेक्युरिटिज लिमिटेड (ब्रोकर नं.४८) को हेटौंडामा हालै संचालनमा आएको नयाँ शाखाले आयोजना गरेको लगानीकर्ता सचेतना कार्यक्रममा हेटौंडाका लगानीकर्ताको उल्लेख्य सहभागिता रहेको थियो । कम्पनीले आयोजना गरेको कार्यक्रममा लगानीकर्ताको बाक्लो उपस्थिति रहेको थियो । संस्थागत सामाजिक उत्तरदायित्व पूरा गर्ने क्रममा लगानीकर्तालाई निशुल्क सहजीकरण कार्यक्रम आयोजना गरिएको शाखाका संचालक बिमल संजेलले जानकारी दिए ।

त्रिशक्ति सेक्युरिटिजको हेटौंडा शाखा कार्यालय विस्तारले शाखामार्फत हेटौंडाका लगानीकर्तालाई सहज भउको छ । ब्रोकर कम्पनीको शाखा विस्तारले नेपालको अर्थतन्त्रमा समेत टेवा पुग्ने बताइएको छ । कार्यक्रममा सहभागी लगानीकर्तालाई सेयर खरिदबिक्री गर्दा ध्यान दिनुपर्ने कुराहरुका बारेमा जानकारी गराइएको थियो । पछिल्लो समय सेयर कारोबारमा लगानीकर्ताले लगानी गर्ने कम्पनीको बिवरणहरुमा ध्यान दिदैनन् ।

लगानीकर्ताको लगानी जोखिम हुनसक्ने सम्भावना बढी हुने र लगानी गर्दा कसैको लहैलहैमा नलागी कम्पनीको सही विश्लेषण गरेर मात्रै लगानी गर्न कार्यक्रमका सहजकर्ता सुभाषचन्द्र भट्टराईले सुझाव दिएका छन् । त्रिशक्ति सेक्युरिटिज हेटौंडा शाखाले लगानीकर्तालाई धितोपत्र कारोबार सम्बन्धी सम्पूर्ण सेवाहरु सहज ढंगबाट उपलब्ध गराउने बताइएको छ ।

खाद्यका लागि कृषि अभियानको टोली हेटौंडामा

# 'पोषणयुक्त खाना सुनिश्चित नगरी भाषणले मात्र समस्या समाधान हुँदैन'



साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ खाद्यका लागि कृषि अभियानले रासायनिक मल र विषादिको प्रयोग रोक्न तथा पोषणयुक्त खाना सुनिश्चित गर्न जैविक जागरण अभियान सुरु गरेको छ ।

बैशाख ९ गतेदेखि सुरु भएको एक महिने अभियानको पाँचौं दिन मकवानपुरमा सञ्चारकर्मीसँग भेटघाट गरिएको थियो । भेटका क्रममा अभियानका संयोजक उद्धव अधिकारीले स्थानीय विशेषता र प्रकृतिसँग समन्वय गर्दै जैविक खेती प्रणालीतर्फ जानुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै अभियान चलाइएको बताएका छन् । कृषिक्षेत्रको उन्नतिको लागि दिशानिर्देश गर्ने कृषि नीति र संघीय ऐन अहिलसम्म बन्न नसकेको संयोजक अधिकारीले बताए ।

'सरकारी अधिकारीहरुले खाद्यसुरक्षा तथा बीउ संरक्षण र विषादि नियन्त्रण सरकारको प्राथमिकता हुने बताएका छन् तर, दलाललाई फाइदा पुग्ने खालको बेथितिबाट यस्ता प्राथमिकताहरु कार्यान्वयन हुनेमा विश्वास गर्ने आधार भने देखिदैंन' उनले भने, 'यस्तो अवस्थामा खाना र खेतीपातीका सवालमा गम्भीरतापूर्वक चासो राखी, समाधानका उपायबारे सार्थक प्रयास गर्न हामी सबैको साझा दायित्व हो ।'

आधुनिक र व्यवसायिकताको नाममा बाहिरी रसायनमा निर्भर खेतापातीको बाटो गलत भएको उनले जिकिर गरे । कृत्रिम रसायनिक मल र विषादिरहित खेती तथा स्वस्थ्य र पोषणयुक्त खाना सुनिश्चित्त नगरी केबल भाषणले मात्र समस्या समाधान नहुने उनले बताए । सबै नागरिकलाई स्वास्थ र पोषणयुक्त खाना उपलब्ध गराउने प्राकृतिक अधिकार सुनिश्चत गराउन, महिला, दलित, आदिवासी जनजाति, किसान, विपन्न समूहको न्यायसंगत हक स्थापित गर्न र सरोकारवाला निकायलाई जवाफदेही बनाउने अवसरका रुपमा अभियानलाई लिइएको उनले बताए ।

अभियानअन्तर्गत विभिन्न स्थानीय तह, किसान समूह, सञ्चारकर्मीसँग अन्तरक्रिया, छलफल, कृषि फार्महरुको अवलोकन तथा चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन भइरहेको आयोजकले जनाएको छ । अभियानकै क्रममा शुक्रबार बागमती प्रदेशका सभामुख, उपसभामुख तथा विषयगत समितिका सभापतिसँग भेट गरी प्रकृतिमैत्री कृषि नीति निर्माणका लागि टोलीले सुझाव दिएको थियो ।

विषमुक्त, पोषणयुक्त खाना सधैंका लागि सबैका लागि उपलब्ध गराउने दृढ अठोटकासाथ सञ्चालित जागरण अभियान काभ्रे जिल्लामा गएर समापन हुने बताइएको छ । सबै तहका सरकार, नागरिकसमाज, कृषक र सञ्चारमाध्यमलाई अभियानमा सक्रिय सहभागीतको लागि आयोजकले अग्रह गरेको छ । हाम्रो कृषिउत्पादनलाई हाइब्रिड प्रबिधिमा लैजाने या रैथाने प्रबिधिमा रहन दिने भन्ने विषयमा अभियानले स्पष्ट धारणा बनाउन भने सकेको छैन ।

# सवारी दुर्घटनामा एमाले मकवानपुरका अध्यक्ष पोखरेल घाइते



साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेल सवारी दुर्घटनामा परेर घाइते भएका छन् । आफैँले चलाएको स्कुटर दुर्घटनामा परेर अध्यक्ष पोखरेल गम्भीर घाइते भएका हुन् ।

हेटौंडा उपमहानगर पालिका-५ स्थित पुष्पलाल पार्क अगाडि उनले चलाएको स्कुटर अनियन्त्रित भइ दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । शनिबार बिहान ८ बजेको समयमा आफैंले चलाएको बागमती प्रदेश ०३-००१ प ५८०७ नम्बरको स्कुटर ब्रेकफेल भएर अनियन्त्रित हुँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

डीएसपी अर्यालका अनुसार अध्यक्ष पोखरेललाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । अध्यक्ष पोखरेलको टाउको, निधार तथा दायाँ हातमा चोट लागेको र आइसीयूमा राखेर उपचार भइरहेको र खतरामुक्त रहेको प्रवक्ता अर्यालले बताए ।

# अन्नपूर्ण बेस क्याम्प ट्रेकिङ सरसफाई अभियान



साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ नेपाल राष्ट्रिय मारवाडी युवा संगठनको आयोजनामा मदरटेरेसा पब्लिक स्कूल जनकपुरले अन्नपूर्ण बेस क्याम्प ट्रेकिङ तथा सरसफाई अभियान सम्पन्न भएको छ ।

अध्यक्ष मनोज अग्रवालको नेतृत्वमा तथा उपाध्यक्ष एवम् संयोजक नितेश महेश्वरीको संयोजकमा आयोजित अभियानमा मारवाडी युवा मञ्च हेटौंडाका पूर्वअध्यक्ष राजेश अग्रवाल, सोना अग्रवाललगायत कुल १५ जना युवायुवती सहभागी थिए । अभियानको क्रममा झिनुडाँडादेखि अन्नपूर्ण बेस क्याम्पसम्मको सम्पूर्ण मार्गमा ननरि साइकल फोहोर संकलन गरी सर सफाई गरिएको थियो ।

यो अभियानले पर्यावरण संरक्षण, पदयात्रामार्ग सफा राख्ने दायित्व र सामाजिक चेतना अभिवृद्धिमा महत्वपूर्ण सन्देश दिएको छ । नेपाल राष्ट्रिय मारवाडी युवा संगठनले आगामी दिनमा पनि यस्ता सामाजिक र पर्यावरणीय अभियानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

# नवजीवनज्योति क्लबको साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ हेटौंडा-६ चौघडामा रहेको नवजीवनज्योति क्लबको १८ औ वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् क्लबका अध्यक्ष राजकुमार बास्तोलाको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारण सभामा क्लब अध्यक्ष बास्तोलाले संस्थागत प्रतिवेदन, सचिव राजकुमार फुँयालले प्रगति प्रतिवेदन र कोषाध्यक्ष बुद्वरत्न मानन्धरले आर्थिक प्रतिवेदन पेश गरेका थिए । साधारणसभामा क्लबका पूर्वअध्यक्ष श्यामप्रसाद श्रेष्ठलाई सम्मानित गरिएको थियो । श्रेष्ठले हालै कठै नामक पुस्तक प्रकाशन गरेका थिए ।

साधारणसभामा हेटौंडा-६ का वडासदस्य विजय पौडेल, क्लबका सल्लाहकार श्यामप्रसाद श्रेष्ठ, गणेशकुमार श्रेष्ठ, भूमि आयोग मकवानपुरका सदस्य अर्जुनप्रसाद चौलागाई, रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल, चुच्चेखोला सामुदायिक वनका अध्यक्ष लक्ष्मण कटुवाल, कामधेनु बहुउद्देश्यीय सहकारीका अध्यक्ष उदय बिडारी, चौघडा सहकारीका उपाध्यक्ष त्रिविक्रम मानन्धर, जनकल्याण सहकारीका उपाध्यक्ष श्यामप्रसाद भट्टराई लगायतको आतिथ्यता रहेको थियो ।

# रानाको अध्यक्षतामा ९ सदस्यीय समिति चयन



साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ नेकपा (एकीकृत समाजवादी) को हेटौंडा उपमहानगरपालिका-१६ नम्बर वडाको अधिवेशन शनिबार सम्पन्न भएको छ ।

अधिवेशनले पुन: कृष्णबहादुर रानाको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति चयन गरेको हो । कार्यसमितिको उपाध्यक्षमा गोविन्द ढकाल, सचिवमा विनोद पोखेल, सदस्यमा दमन बलामी, सीता राई, दिलमाया राना, हरिबहादुर राई, रेनुका राना र प्रकाश परियार चयन भएका छन् । समितिमा बाँकी सदस्य पछि थप्ने बताइएको छ । कृष्णबहादुर रानाको सभाध्यक्षता एवम् पार्टीका जिल्ला उपाध्यक्ष किरणमान बलको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो । नयाँ कार्यसमितिलाई कार्यक्रमका प्रमुखअतिथी बलले सपथग्रहण गराएका थिए ।

# बकैयाको शिखरपुरमा एक सय ५ को स्वास्थ्य परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १३ बैशाख/ बकैया गाउँपालिका-९ शिखरपुरमा पाठेघरको मुखको क्यान्सर स्क्रीनिङ सम्बन्धी निशुल्क शिबिरमा एक सय ५ जनाले परीक्षण गराएका छन् ।

रोटरी क्लब हेटौंडा, रोटरी क्लब मकवानपुर, रोटरी क्लब ललितपुर, रोट्र्याक्ट क्लब हेटौंडाको आयोजनामा शिबिर संचालन भएको हो ।

नेपाल केयर हस्पिटल एण्ड रिसर्च सेन्टर, उपचारका लागि सहयोगी हातहरु नेपाल, नेपाल क्यान्सर सहयोग समूहको प्राबिधिक सहयोगमा हरियाली स्वावलम्बन बचत तथा ऋण सहकारी संस्थाको स्थानीय समन्वयमा शिबिर संचालन भएको हो ।

ग्रामीण क्षेत्रमा रोग लुकाएर बस्ने क्रम अझैसम्म नरोकिएको भन्दै रोटरी क्लबले पाठेघरको मुखको क्यान्सर परीक्षण शिबिरको आयोजना गरिएको रोटरी क्लबका अध्यक्ष प्रकाश ढकालले बताए । शिबिरमा परीक्षण गराउन अझैसम्म पनि लजाएर बस्ने महिलाहरुलाई गाउँघरमा शिबिर संचालन गरी परीक्षण गर्ने ब्यवस्था मिलाइएको बताइएको छ ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०१/१२ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक-चक्र बहादुर पाण्डे (आफै)* *जग्गावाला-चक्र बहादुर पाण्डे (आफै)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ४ का कि.नं. ४८७ को क्षेत्रफल ज.वि. २-१५-१३ जग्गा मेरो नाममा नाप नक्सा भएकोमा फोर्ड भई कायम हुन आएको तपशिल बमोजिमका जग्गाहरु दर्ता गर्न छुट भएकोमा उक्त जग्गाहरु साविकदेखि हालसम्म अविछिन्न रुपमा जोत कमोढ गरी भोग चलन गर्दै आएकोमा हेटौडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. २७०६ मिति २०८१/११/१३ को हकभोग समेत खुलेको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाणपत्र, साविक लगत, फिल्डबुक उतार, प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी द.नं. ११३ मिति २०८१/१२/१४ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गाहरु निवेदकको नाममा छुट जग्गा दर्ता गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी सहिछाप गर्नेहरु भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुक/प्लट रजिष्टरको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | चक्र बहादुर पाण्डे हटिया वडा नं.-४ | हटिया | ४ | ४८७ को फोर्ट २६४५ | १-०-०.५ ०-१४-० | काली बहादुर पाण्डे क्षेत्रीको छोरा चक्र बहादुर पाण्डे | जिल्ला मकवानपुर हटिया, मौजे-हटियामाडी, रै.नं. १२ को जग्गाधनी काली बहादुर पाण्डे क्षेत्री |

*ईति संवत २०८२ साल बैशाख महिनाको १२ गते रोज ६ शुभम्..................।*

हेटौंडा उपमहानगरपालिका
**३ नं. वडा कार्यालय**
बसामाडी, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**बालमैत्री वातावरण बनाऔं !**

बालबालिकालाई :

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०१/१२ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक-शैलेन्द्र कुमार पाण्डे (आफै)* *जग्गावाला-शैलेन्द्र कुमार पाण्डे (आफै)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ४ का कि.नं. ४८७ को क्षेत्रफल ज.वि. २-१५-१३ जम्मा मेरो बुवा चक्र बहादुर पाण्डेको नाममा नाप नक्सा भएकोमा फोर्ड भई म शैलेन्द्र कुमार पाण्डेको नाममा कायम हुन आएको तपशिल बमोजिमका जग्गा दर्ता गर्न छुट भएकोमा उक्त जग्गाहरु साविक देखि हालसम्म अविछिन्न रुपमा जोत कमोढ गरी भोग चलन गर्दै आएकोमा हेटौडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. २७०५ मिति २०८१/११/१३ को हकभोग समेत खुलेको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाणपत्र, साविक लगत, फिल्डबुक उतार, प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी द.नं.११४ मिति २०८१/१२/१४ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गा निवेदकको नाममा छुट जग्गा दर्ता गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी सहिछाप गर्नेहरु भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुक/प्लट रजिष्टरको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | शैलेन्द्र कुमार पाण्डे हटिया वडा नं.-४ | हटिया | ४ | ४८७ को फोर्ट २६४३ | ०-५-१ | काली बहादुर पाण्डे क्षेत्रीको नाती चक्र बहादुर पाण्डेको छोरा शैलेन्द्र कुमार पाण्डे | जिल्ला मकवानपुर हटिया, मौजे-हटियामाडी, रै.नं. १२ को जग्गाधनी काली बहादुर पाण्डे क्षेत्री |

*ईति संवत २०८२ साल बैशाख महिनाको १२ गते रोज ६ शुभम्..................।*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना